# ईश्वरपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## ईश्वरपुर, सर्लाही,
## मधेश प्रदेश, नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८३/३/८**

ईश्वरपुर नगरपालिकाको लागि देहायका प्राविधिक कर्मचारीहरु करारमा राखु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विवरण कार्यालयबाट वा कार्यालयको वेवसाइट www.ishworpurmun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद, सेवा, समूह र तह | माग पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|
| ०९-०८२/८३ | नापी अधिकृत, इन्जिनियरिङ सेवा, सर्भे समूह, अधिकृत सातौं | १ (एक) | १२००।- |
| १०-०८२/८३ | सर्भेक्षक, इन्जिनियरिङ सेवा, सर्भे समूह, सहायक स्तर पाँचौं | २ (दुई) | ७००।- |
| ११-०८२/८३ | कम्प्युटर अपरेटर, विविध सेवा, सहायक स्तर पाँचौं | २ (एक) | ७००।- |

क. **परीक्षाको किसिमः** लिखित परीक्षा (MCQs) र अन्तरवार्ता। (वि.न.११ को हकमा प्रयोगात्मक परीक्षा समेत)

ख. **न्यूनतम शैक्षिक योग्यता**

- वि.न. ०९-०८२/८३ को लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।
- वि.न. १०-०८२/८३ को लागि लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सर्भे वा जियोम्याटिक्स विषयमा तीन वर्षे डिप्लोमा उत्तिर्ण वा विज्ञान वा भूगोल विषय लिई प्रविणता प्रमाणपत्र वा सोसरह उत्तिर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम गरेको।
- वि.न. ११-०८२/८३ को लागि लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्प्युटर विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा ६ (छ) महिनाको कम्प्युटर सम्बन्धी तालिम लिएको।

ग. **उमेदवारको उमेर हद**

- वि.न. ०९-०८२/८३ को लागि २१ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको (महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको)।

- वि.न. १०-०८२/८३ र ११-०८२/८३ को लागि १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको (महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको)।

**घ. दरखास्त दिने अन्तिम मिति:** २०८३।०३।१५ गते कार्यालय समयभित्र ।

**ङ. दरखास्त बुझाउने स्थान/माध्यम**

- ईश्वरपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईश्वरपुर, सर्लाही।
- इमेल मार्फत आवेदन पेश गर्नको लागि सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी, राजश्व जम्मा गरेको भौचर र दरखास्त फाराम स्क्यान गरी pdf फर्मेटमा नगरपालिकाको इमेल ishworpur2071@gmail.com मा पठाउन सकिनेछ।

**च. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरु:-**

- उमेदवारको व्यक्तिगत विवरण, हालसालै खिचेको २ प्रति पासरपोर्ट साइज फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी, अनुभव खुल्ने कागजात, तालिम सम्बन्धी प्रमाणित कागजात, दरखास्त बुझाएको सक्कल भौचर।

**छ. दरखास्त दस्तुर बुझाउने स्थान:-** ईश्वरपुर नगरपालिकाको राजश्व शाखा वा ईश्वरपुर नगरपालिकाको नेपाल बैंक लि., बयलवास शाखाको राजश्व खाता नं. १०९०३००००१००१०००००१, राजश्व संकेत नं. १४२२४ मा रकम जम्मा गरी सक्कल बैंक भौचर पेश गर्न सकिने छ।

**ज. लिखित परीक्षाको मिति** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट नगरपालिकाको वेभसाइट र नगरपालिकाको सूचना पाटीमा प्रकाशन गरिनेछ।

**झ. लिखित परीक्षाको पाठ्यक्रम:** सम्बन्धित पदका लागि लोक सेवा आयोगले निर्धारण गरेको प्राविधिक विषयको पाठ्यक्रम।

**ञ.** रीतपूर्वक प्राप्त नभएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

**ट.** सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम समितिले निर्धारण गरे बमोजिम हुनेछ।